का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ माघ २०८०,
बिहीबार
8 February 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २१, अंक ३६५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सधैंको सजिलो जवाफ
# ‘सरकार घेराबन्दीमा छ’





३२ सिटको दलको नेतृत्वमा सरकार छ। यसकारण पनि स्वभाविकरुपमा सरकार घेराबन्दीमा पर्ने भयो ।

**हितराज पाण्डे**
मुख्य सचेतक, माओवादी केन्द्र

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

सोमबार र मंगलबार माओवादी केन्द्रको संसदीय दलको बैठकमा नेताहरुले सरकारको समीक्षा गरे । नेताहरुका अनुसार माओवादी केन्द्रका २४ जना सांसदले सरकारको आयुका सन्दर्भमा उठेका प्रश्नहरुका सम्बन्धमा प्रधानमन्त्री समेत रहेका पार्टीका संसदीय दलका नेता पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग प्रष्टिकरण खोजे ।

तर, उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बनिबनाउ जवाफ दिए, ‘सरकार घेराबन्दीमा छ ।’ सरकारले चालेको सुशासन र भ्रष्टाचार विरोधी अभियानका कारण सरकार घेराबन्दीमा परेको उनको भनाइ थियो । खासगरी भ्रष्टाचारमा सत्तारुढ दलकै नेताहरुको संलग्नता देखिने, पहुँचवाला ब्यापारीहरु पर्ने र उनीहरुले राजनीतिक शक्ति प्रयोग गरेर सरकारलाई घेराबन्दीमा पार्ने उपप्रधान तथा गृहमन्त्री श्रेष्ठको भनाइ रहेको छ ।

> पहिलो पटक प्रधानमन्त्री छाड्नुपर्दा प्रचण्डले सिधै मालिकसँग कुरा गर्ने बताएका थिए । प्रधानमन्त्रीबाट हटेपछि डा.बाबुराम भट्टराईले सरकारको चाबी नेपालमा नरहेको भनेका थिए । सरकारबाट हट्दा केपी शर्मा ओलीले विदेशीबाट अन्य दल परिचालित भएको गम्भीर आरोप लगाएका थिए ।

बाँसबारी छाला जुत्ता कारखानाको सरकारी जग्गा विवाद, टेरामक्स प्रविधि खरिद प्रकरणमा भएको भनिएको अनियमिततामाथिको अनुसन्धानले सरकारको आयुका सम्बन्धमा सन्दर्भमा प्रश्न उठाएको नेताहरुले बताइरहेका बेला प्रधानमन्त्री प्रचण्डले पनि सरकार सुरुदेखि नै घेराबन्दीमा रहेको बताए ।

माओवादी केन्द्रका मुख्य सचेतक हितराज पाण्डेका अनुसार माओवादीको नेतृत्वमा सरकार बन्नै नदिने पर्यास थियो । बनिसकेपछि पनि घेराबन्दीमा छ । उनी भन्छन्, ‘३२ सिटको दलको नेतृत्वमा सरकार छ । यसकारण पनि स्वभाविक रुपमा सरकार घेराबन्दीमा पर्ने भयो ।’

वर्तमान सरकारका प्रधानमन्त्री वा प्रभावशाली मन्त्रीले मात्रे नभएर आलोचना हुँदा प्रत्येकजसो प्रधानमन्त्री वा जिम्मेवार मन्त्रीहरु सरकार घेराबन्दीमा रहेको तर्क गर्ने गर्दछन् । यो नेपाली राजनीतिको पृष्ठ २ मा

# चैतअघि प्रहरी समायोजनको तयारी



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

आगामी चैत अगाडि नै प्रहरी समायोजन गर्ने तयारी भएको छ । प्रदेशले संविधान अनुसार अधिकार नपाएको गूनासो गरिरहेका बेला संघीय सरकारले आगामी चैतभित्र प्रहरी समायोजन गरेर सुरक्षा अधिकार विकेन्द्रिकृत गर्न लागेको हो ।

बुधबार सिंहदरबारमा राष्ट्रिय समन्वय परिषद्को बैठक बसेको थियो। उक्त बैठकमा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी चैतअघि नै प्रदेशले प्रहरी समायोजनको अधिकार पाउने बताएका हुन् ।

> प्रदेशले संविधान अनुसार अधिकार नपाएको गुनासो गरिरहेका बेला संघीय सरकारले चैतअघि नै प्रहरी समायोजन गरेर सुरक्षा अधिकार विकेन्द्रिकृत गर्न लागेको हो ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीका अनुसार प्रधानमन्त्री प्रचण्डले प्रहरी समायोजन, निजामती कर्मचारी सेवा ऐन, विद्युत ऐनलगायत प्रदेशसँग सम्बन्धित केही अधिकार दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रदेश मुख्यमन्त्रीसँग परिषद्को तेस्रो बैठकमा प्रधानमन्त्री प्रचण्डले सम्बोधन गरेका हुन् । प्रदेशलाई केही अधिकार दिएर मात्रै बस्ने प्रधानमन्त्रीको प्रतिबद्धता रहेको छ । मुख्यमन्त्री कार्कीले परिषद्को पहिलो बैठकले गरेका निर्णय कार्यान्वयन नभएको बताए । उनले प्रदेश सरकारको अबको संघर्ष कानुन निर्माणका लागि संघीय संसदसँग हुने बताएका छन् ।

मुख्यमन्त्री कार्कीले संघ सरकारले कानुन नबनाइदिँदा प्रदेश सरकारले काम गर्न नपाएको गुनासो गरे । उनले संघ सरकार सत्तामा मात्रै केन्द्रित भएको आरोप लगाए ।

राष्ट्रिय समन्वय परिषदको बैठकमा यसअघिका निर्णयहरुको समीक्षा भएको छ । मुख्यमन्त्रीहरूले विगतका बैठकमा गरिएका निर्णयहरू कार्यान्वयनमा कमजोरी भएको बताएका छन् । पहिलो बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नेतृत्वमा कार्यविस्तृतीकरण परिमार्जन गरी तीनै तहका सरकारबीचको अधिकारमा ६ महिनाभित्र स्पष्टता ल्याउने निर्णय गरेको थियो ।

दोहोरो-तेहरो अनुदान बन्द गर्ने, दोहोरो संरचना खारेज गर्ने, आयोजनामा पनि दोहोरोपन हटाउने, कानुन निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता, प्रमुख प्रशासकीय अधिकृतको २ वर्ष सरुवा नगर्ने लगायतका निर्णय गरेको थियो । राष्ट्रिय समन्वय परिषदको बैठकले एकीकृत अभिलेख प्रणालीको विकास गर्ने र जग्गा प्राप्तिलाई सहज बनाइने लगायतका निर्णय गरेको भए पनि कार्यान्वयन हुन नसकेको बैठकमा सहभागीहरूको गूनासो रहेको छ ।

जवाफमा प्रधानमन्त्री एवं राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष प्रचण्डले परिवर्तनको मुख्य संवाहक हुनुका नाताले आफू संघीयताको कार्यान्वयनमा दृढताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भनेका छन्, ‘संघीयता कार्यान्वयनमा मुख्यमन्त्रीहरूले मप्रति भरोसा गर्नुभएको छ, यही शक्तिका साथ सङ्घीयता कार्यान्वयनमा लाग्छु ।’

विसं २०७६ मा परिषद्सम्बन्धी कानुन बने पनि पहिलो बैठक आफूले नै गत असारमा राखेको प्रधानमन्त्रीले स्मरण गरे । संघ, प्रदेश र स्थानीय सरकारका काम कारबाहीमा समन्वय र सुदृढ गर्न परिषद्को बैठक राखिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले पृष्ठ २ मा

# गिरीबन्धुको जग्गा सट्टापट्टा गर्ने निर्णय बदर

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

सर्वोच्च अदालतले गिरीबन्धु टी स्टेटको जग्गा सट्टापट्टा गर्न दिने गरी तत्कालीन केपी शर्मा ओली सरकारको निर्णय बदर गरेको छ ।

बुधबार सर्वोच्च अदालतको संवैधानिक इजलासले जग्गा सट्टापट्टा गर्न दिने निर्णय ‘भूमिसम्बन्धी ऐन २०२१ को दफा १२ ग’ लगायतका कानुनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्क प्रकृतिको देखिएको भन्दै बदरको आदेश गरेको हो ।




प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ तथा न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत, सपना मल्ल प्रधान र सुष्मालता माथेमाको संवैधानिक इजलासले दिएको आदेशमा भनिएको छ, ‘ विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ (ग) लगायतका कानूनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सो बमोजिम भए गरिएका काम कारबाही समेत बदर हुने ठहर्छ ।’

तत्कालीन ओली सरकारले २०७८ साल वैशाख १३ गते गिरीबन्धु टी स्टेटलाई ३४३ बिगाह जग्गा प्रदेश-१ भित्रै सट्टापट्टा गर्न दिने निर्णय गरेको थियो । उक्त निर्णय खारेजीको माग गर्दै अधिवक्ता ओमप्रकाश अर्याल, ओमप्रकाश मिश्र र भक्तराज भारती समेतले सर्वोच्चमा मुद्दा दायर गरेका थिए ।

सरकारको उक्त निर्णयबाट नीतिगत भ्रष्टचार भएको भन्दै विरोध भएको थियो । वि.स.२०२१ मा जग्गाको हदबन्दी तोकिएको थियो र त्यसभन्दा बढी भएको जग्गा सरकारले अधिग्रण गरेको थियो । तर, त्यति नै बेला चियाबगान संचालन गर्ने भन्दै गिरिबन्धुलाई हदबन्दी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# कामदारले पठाएको रकम देश विकासमा लगाउन नेता गौतमको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

सांसद वामदेव गौतमले वैदेशिक रोजगारीबाट प्राप्त रकमलाई मुलुकको विकासमा खर्च गरे पाँच वर्षभित्र देश सबै क्षेत्रमा आत्मनिर्भर हुने बताएका छन् ।

राष्ट्रिय सभाको बुधबारको बैठकको विशेष समयमा नेपाली अर्थतन्त्रको पछिल्लो स्थितिबारे धारणा राख्दै पूर्वउपप्रधानमन्त्री समेत रहेका नेता गौतमले नयाँ संविधान जारी भएपछि सरकारले अर्थतन्त्र सुधारको सही नीति नलिएका कारणले मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा पुगेको दाबी गरे । उनले देशको अर्थतन्त्रलाई सुधार गर्न रेमिट्यान्स उत्पादनमूलक क्षेत्रमा लगाउने राष्ट्रिय नीति आवश्यक रहेकोमा जोड दिए ।

वैदेशिक रोजगारमा रहेका नेपालीले पठाएको रकमलाई सरकारले कम्तीमा १० प्रतिशत ब्याज दिने गरी विकास निर्माणमा खर्च गर्ने नीति बनाउनुपर्ने माग गर्दै उनले वैदेशिक रोजगारीबाट प्राप्त रकम सरकारी कर्मचारीलाई तलबभत्ता दिन खर्च गरिन नहुने बताए ।

उनले भने, ‘रेमिट्यान्स जनताको रगत र पसिना हो, त्यो नेपाल सरकारको सम्पत्ति पनि हो । त्यसलाई सरकारले नेपाल राष्ट्र बैंक वा कुनै बैंकमा राखेर कम्तीमा १० प्रतिशत ब्याज दिएर परिचालन गरी उनीहरु स्वदेश आएपछि फिर्ता दिनेगरी सरकारले देश विकास निर्माणमा खर्च गर्नसके मुलुक पाँच वर्षभित्र एउटामात्र होइन सबै क्षेत्रमा आत्मनिर्भरको बाटोमा अघि बढ्न सक्ने देखिन्छ ।’

## म्यानपावर कार्यालय हटाउने उर्दीबारे छलफल जारी

काठमाडौं/मस- वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीले ७ दिनभित्र म्यानपावर कम्पनी कार्यालय हटाउनुपर्ने काठमाडौ महानगरपालिको उर्दीको सम्बन्धमा सामाखुसी टोल सुधार समिति र २६ नम्बरका वडाध्यक्षसँग छलफल गरेको छ ।

गत बुधबार काठमाडौं महानगरपालिकाले ७ दिनभित्र कलकारखानासहित म्यानपावर कम्पनीमा कार्यालय हटाउनुपर्ने बताएको थियो । समिति अध्यक्ष हरि बहादुर पाण्डे क्षेत्रीले महानगरको उर्दी अव्यवहारिक र गैरकानूनी भन्दै त्यसको प्रतिवाद गरी खारेज गर्नुपर्ने बताएका छन् ।

टोल सुधार समितिसँग बुधबारको छलफल फलदायी नभएपछि आफूहरू वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीसमक्ष गएको विज्डम ह्युमेन रिसोर्स प्रा.लि.का सञ्चालक भेष केसीले जानकारी दिए । वडाध्यक्ष र व्यवसायीबीच लामो छलफल भएपनि वडाध्यक्ष तिवारीले ठोस् जवाफ दिएनन् । वडाध्यक्ष तिवारीले म्यानपावर कम्पनीको कार्यालय राख्न पृष्ठ २ मा

**Vacancy Announcement**

One of the reputed recruitment agency is seeking for following applicants.

Receptionist - 1 Female
Documentation Officer - 1 Female

SALARY Negotiable

**Requirements:**
Minimum 2 Years of experienced will be preferred.
Candidates must know English Language and Computer Skills.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*

**True Human Resource Pvt.Ltd.**
श्रम इजाजत नं. १६०७/०७९/०८०
Near Airport Gate, Kathmandu. Tel No : 5911977, 5911978
Email:-info@thrnepal.com Mobile: 9801035425

मध्यान्ह
www.madhyanhadaily.com
२५ माघ २०८०, बिहीबार
8 February 2024, Thursday

# उपचार नपाउँदा पोर्चुगलमा नेपाली युवतीको बिचल्ली

**भरत प्रधान/रासस**
लिस्बन, २४ माघ



पोर्चुगलमा रोजगारीका लागि पुगेकी एक नेपाली चेली सडक दुर्घटनामा परी गम्भीर घाइते भएर उपचार नपाउँदा बिचल्लीमा परेकी छन् । वैदेशिक रोजगारीको सिलसिलामा दुई वर्षअघि पोर्चुगल आएकी सिन्धुली जिल्ला मरिण-३ की २९ वर्षीया सुस्मिता मोक्तान उपचार अभावमा बिचल्लीमा परेकी हुन् । सडक पार गर्ने क्रममा कारको ठक्करबाट गम्भीर घाइते भएकी उनी औषधि उपचारको अभावमा ओछ्यानमै थलिएर बस्न बाध्य छिन् ।

गत जनवरी १० तारिकका दिन कामबाट फर्कने क्रममा मोन्तिजोमा साँझ ७ बजेतिर जेब्रा क्रसिङबाट बाटो काट्दै गरेकी उनलाई तीव्र गतिमा आएको कारले एक्कासी ठक्कर दिएको थियो । कारको ठक्करबाट गम्भीर घाइते भएकी उनको दाहिने हात र देब्रे हिप भाँचिएको छ । दुर्घटनाले हिपदेखि मुनिको देब्रे खुट्टा नचल्ने भएको छ । कारको ठक्करबाट उछिट्टिएर सडकको छेउमा रगताम्मे अवस्थामा ढलेकी उनको अनुहारमा समेत चोट लागेको छ । हिप फ्याक्चर भइ देब्रे खुट्टा नचल्ने भएपछि पीडित मोक्तान ओछ्यानमै थला परेको एक महिना हुन लागेको छ । सामान्य उपचारबाट समेत बञ्चित भएकी उनको स्थिति दिनप्रतिदिन नाजुक बन्दै गएको छ ।

दुर्घटनापश्चात प्रत्यक्षदर्शीले प्रहरीलाई खबर गरेपछि उनलाई तत्काल मोन्तिजोस्थित बरेइरो अस्पताल पुऱ्याइएको थियो भने कार चालक फरार भएका थिए । उपचारका लागि अस्पताल पुऱ्याइए पनि अस्पतालले हातको मात्रै शल्यक्रिया गरी खुट्टाको उपचार नै नगरी घर पठाएको पीडित मोक्तानले राससँग दुःखेसो पोखिन् । खुट्टाको उपचारका लागि अस्पतालसँग धेरै अनुरोध गरे पनि उपचार नै नगरी घरमै आराम गर्नु भनि अस्पतालले जबर्जस्ती डिस्चार्ज गरेको उनले बताइन् ।

रोजगारदाता मोन्तिजोस्थित ट्रान्सएटलान्टिको टरभालो टेम्पोरेरिया एलडीए कम्पनीले समेत उपचारमा बेवास्ता गरेपछि विक्षिप्त बनेकी मोक्तानले उपचारका लागि सहयोगको याचनासमेत गरेकी छन् ।

'उपचारै नपाउँदा म त मुढाजस्तै ढलिरहेको छु । न त उठ्न, चल्न सक्छु, न त दिसापिसाब नै गर्न सक्छु । विदेशी भूमिमा मेरो रेखदेख र स्याहारसुसार गरिदिने पनि कोही छैन । उपचार नपाउँदा जीवनभर कुँजिएरै बस्नुपर्ने हो कि भन्ने चिन्ताले सताउन थालेको छ,' पीडा सुनाउँदै मोक्तानले भनिन् । दुर्घटनामा परी बाँचेपनि उपचार पाउन नसक्दा घरपरिवारसमेत चिन्तित बनेका छन् । दुर्घटनाका कारण विक्षिप्त बनेकी उनी आफ्नो औषधोपचारका लागि सबैसँग हारगुहार गरिरहेकी छिन् । मोक्तान मोन्तिजोस्थित ट्रान्सएटलान्टिको टरभालो टेम्पोरेरिया एलडीए कम्पनीमा कृषि मजदुरका रुपमा कार्यरत थिइन् ।

भाँचिएको खुट्टाको उपचार नै नगरी जबर्जस्ती डिस्चार्ज गरी घर पठाउँदा उनको अवस्था झन् नाजुक बन्दै गएको उनीसँगै बस्ने साथी प्रतिज्ञा बानियाँले बताइन् । 'सुस्मिताको उठ्न, चल्न सक्ने अवस्था छैन । ओछ्यानमा थला परेकी छिन्, रेखदेख गर्ने कोही छैन । उनको त बिजोग नै भएको छ,' सहयोगको आशा राख्दै बानियाँले भनिन् ।

मोक्तानको दुर्घटनाको विषयमा लिस्बनस्थित महावाणिज्यदूतको कार्यालय र गैरआवासीय नेपाली संघलाई जानकारी गराइएको छ । मोक्तानको उपचारका लागि विभिन्न माध्यममार्फत पहल भइरहेको यहाँ कार्यरत नेपाली पत्रकार प्रबल भट्टराईले बताए ।

पीडित मोक्तानको औषधोपचारसहित पाउन सक्ने सेवा सुविधाका लागि कानून व्यवसायीको व्यवस्था गरी औषधोपचारसँगै आवश्यक कानूनी उपचारको समेत पहल भइरहेको मोन्तिजो नेपाली समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले बताए । उनको उपचारका लागि यहाँ क्रियाशील नेपाली संघसंस्थामार्फत आर्थिक सहयोग संकलन अभियानसमेत सञ्चालन गरिएको उनले सुनाए ।

अस्पतालले डिस्चार्ज गरेपछि उनी कम्पनीले कामदार राख्दै आएको एक आवासगृहमा साथीहरूसँग बस्दै आएकी छन् । नेपाल नगएको चार वर्ष भएको बताएकी मोक्तानको आठ वर्षीय छोरा र श्रीमान नेपालमा रहेको जनाइएको छ ।

मोक्तान दुर्घटनामा परी उपचारबाट समेत बञ्चित हुनुपरेको विषयमा सम्बन्धित निकायमा बुझ्ने काम भइरहेको र उनको उपचारका लागि आवश्यक पहल भइरहेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले बताए ।

पीडित मोक्तानलाई गत जनवरी ३० मा अस्पतालले डिस्चार्ज गरी घर पठाएको थियो । रोजगारीको सिलसिलामा चार वर्षअघि साइप्रस आएकी उनी दुई वर्षअघि पोर्चुगल आएकी हुन् ।

# गुणस्तर सुधार्न विद्यालय 'मर्ज'



**बागलुङ/मस**–गलकोट नगरपालिकाले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय एकापसमा गाभेको (मर्ज) गरेको छ । चालु वर्षमा गलकोटका दर्जन विद्यालय मर्ज र तह मिलान भएका छन् । गाभिएकामध्ये वडा नं ७ को झिर्कामा रहेको आधारभूत विद्यालय अहिले कक्षा ३ सम्म चलेको छ । यहाँका विद्यार्थीलाई कक्षा ४ देखि जनहित मावि मल्ममा आउनुपर्छ । नगरपालिकाले गाडीको व्यवस्थापन गरेर आउने जाने गराएको छ । वडा नं १० को ढुंगेल प्रावि बन्द भयो । पाण्डवखानी माविमा पढ्न आउनुपर्छ । विद्यार्थी शून्य नजिक पुगेकाले विद्यालय मर्ज गर्नुपरेको नगर शिक्षा अधिकारी रुद्रनारायण सापकोटाले बताए । वडा नं ७ कै देउराली प्रावि बन्द गरियो । त्यहाँ पढ्ने १५ विद्यार्थी पनि जनहित मावि मल्म गए । वडा नं २ को चौराहा आधारभूत विद्यालय बन्द गरेर चौराहा माविमा समावेश गरियो ।

सापकोटाका अनुसार गत वैशाखदेखि पाँच विद्यालय मर्ज गरिएको हो भने ७ विद्यालयको तह मिलान गरियो । केही हिंड्नुपर्ने बाध्यता भएका बालालिकालाई नगरपालिकाले खाजा खर्च दिन थालेको छ । विद्यालय बन्द हुँदा शिक्षक जगेडा भए । त्यसपछि नगरपालिकाले ती शिक्षकलाई आवश्यकताको आधारमा स्थानान्तरण गराएको छ। 'दरबन्दी नभएर निजी स्रोतमा राखेका विद्यालयले शिक्षक पाएका छन्,' सापकोटाले भने,'अभिभावकको अनावश्यक खर्च जोगियो ।' निजी स्रोतको शिक्षक राखेका जनहित, चौराहा र पाण्डवखानी मावि विद्यालयलाई सहज भएको अभिभावकहरुले बताए ।

विद्यालय मर्ज गर्दा गुणस्तर सुधारमासमेत सहज भएको सापकोटाको भनाइ छ। 'आवश्यक शिक्षक 'कोटा' पुगेपछि हामीले गुणस्तर सुधारका कार्यक्रम ल्याउन पाएका छौँ' उनले भने, 'शिक्षकका लागि मासिक रकम बुझाउने अभिभावकहरुले गुणस्तर सुधारका लागि खुसीले साथ दिन पाएका छन् ।' विद्यालयको तह मिलान गर्दा पनि आर्थिक भार कम भएको जनहित माविका अभिभावक ज्ञानबहादुर थापाले बताए ।

अब गलकोटमा १३ माविसहित ६२ सामुदायिक विद्यालय छन् । विद्यालय समायोजन कार्यविधिमा कक्षा १-३ भएमा १५ जना, १-५ भए २५, ६-८ भए २१, ९-१० भए २५ र ११-१२ मा पनि २५ जना विद्यार्थी न्यूनतम चाहिने मापदण्ड छ । बागलुङ नगरपालिकाले पनि 'बिग स्कुल'को मापदण्ड बनाएको नगर शिक्षा अधिकारी धनप्रसाद पोखरेलले बताए । आगामी शैक्षिक सत्रमा मापदण्डभन्दा कम विद्यार्थी भएका विद्यालय मर्ज गर्ने तयारी भएको हो । बागलुङ नगरपालिकाभित्र एक सय ४ विद्यालय छन् । यो संख्या नेपालका सबै पालिकाको भन्दा धेरै हो । कतिपय विद्यालयमा विद्यार्थी न्यून भएकाले मर्जको अवस्था ल्याउनै पर्ने आवश्यकता भएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताए । 'बरु एउटा राम्रो र आवासीय विद्यालय बनाऔँ भन्ने छ,' श्रेष्ठले भने,'वैशाख सम्ममा एउटा टुंगोमा पुग्छौँ ।' गाउँ छाडेर बजार र तराई झर्ने क्रमले गाउँघरका विद्यालयमा विद्यार्थी न्यून भएका हुन् ।

## सधैंका...

धेरै अगाडिदेखिको भाष्यकै रुपमा स्थापित भएको नेताहरु बताउँछन् । पहिलो पटक प्रधानमन्त्री छाड्नुपर्दा प्रचण्डले सिधै मालिकसँग कुरा गर्ने बताएका थिए । प्रधानसेनापति हटाउने निर्णय गर्दा सत्ता साझेदार दलहरुबाटै धोका खाएको बताएका उनले मालिक भनेर भारतीय सरकारसँग कुरा गर्ने भनी ब्यङ्ग्य गरेका हुन् । प्रधानमन्त्रीबाट हटेपछि डा.बाबुराम भट्टराईले पनि सरकारको चाबी नेपालमा नरहेको बताएका थिए । दुई तिहाइको सरकारबाट हट्दा केपी शर्मा ओलीले विदेशीबाट अन्य दल परिचालित भएको गम्भीर आरोप लगाएका थिए । एमालेहरुले शेरबहादुर देउवा नेतृत्वको सरकार छिमेकीहरुका निम्ति कन्फरटेकल सरकार भनी आलोचना गर्ने गर्दथे ।

अहिलेको सरकार र सरकारको नेतृत्वकर्ता दल पनि सरकार घेराबन्दीमा रहेको बताइरहेको छ । तर, को बाट कसरी घेराबन्दीमा छ प्रष्ट कसैले भन्ने गरेका छैनन् । हाल सरकारमा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी छ । संसदमा ३२ सिट मात्रै रहेको माओवादी अध्यक्ष प्रचण्डले यी दलहरुको साथमा एक वर्ष भन्दा बढी समय सरकारको नेतृत्व गरिसके । कांग्रेसको समर्थन रहुन्जेलसम्म प्रचण्ड प्रधानमन्त्रीबाट हट्नुपर्ने अवस्था आउँदैन । तर, निरन्तर रुपमा प्रचण्ड र माओवादी नेताहरुले सरकार घेराबन्दीमा रहेको बताइरहेका छन ।

आफ्नो शक्ति कमजोर भएका कारणले पनि यसपटक सरकारमा रहेकाहरुले सरकार घेराबन्दीमा रहेको बताइरहेको वो जोखिम देखेको हुन सक्ने राजनीतिक विश्लेषकहरु बताउँछन् । माओवादी केन्द्रका सांसद लेखनाथ दाहाल भ्रष्टाचारीहरू सरकारको विरुद्धमा लागेको बताउँछन् । उनी भन्छन्, 'यो सरकार रहिरह्यो भने हामी पनि जेल जानुपर्छ भनेर डराएका भ्रष्टाचारीहरू सरकारलाई कमजोर बनाउन लागिरहेका छन् ।'

## चैतअघि...

भनेका छन्, 'चारवर्ष एउटै बैठक नबसेर बित्यो । मैले ६ महिनामा २ वटा बैठक राखेर संघीयता कार्यान्वयनको पहल लिएको छु ।'

संघीयता कार्यान्वयन गर्न आफू मुख्यमन्त्रीहरूसँग लगातार छलफलमै रहेको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले संविधान कार्यान्वयनमा सबैले चासो र चिन्तन गर्नुपर्नेमा जोड दिए ।

तीनै तहका सरकारले ल्याउने नीति, कार्यक्रम तथा बजेट सामूहिक विवेकको केन्द्रिकृत अभिव्यक्ति हुनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले योजना पूरा नगर्ने, नयाँनयाँ योजना ल्याउने र निर्धारित समयमा सम्पन्न नहुने अवस्थाको अन्त्य गर्नुपर्ने बताए ।

## गिरीबन्धुको...

छुट दिइएको थियो । तर गिरिबन्धुका संचालकले पछिल्लो समय जग्गा सट्टा भर्नाको छिद्रबाट त्यसलाई चिया बगान बेच्ने योजना बुनेका थिए । त्यसलाई सहयोग पुग्ने गरि ओली सरकारले २०७८ मा सट्टाभर्ना गर्न दिने निर्णय गरेको थियो ।

सर्वोच्चको आदेशले जग्गा सट्टाभर्नामार्फत चियाबगानको जग्गा बेच्ने योजना असफल भएको छ । यदि सर्वोच्चले ओली सरकारको निर्णय सदर गरेको भए उनीहरुले चियाबगानको सरकारी जग्गा आफूखुसी बेच्न पाउँथे । चिया बगान रहँदासम्मक लागि मात्रै छदबन्दी छुट हुने अन्यथा त्यो जग्गा सरकारको हुने छ ।

## म्यानपावर...

नदिने वा दिने भन्ने कानूनमा स्पष्ट नभएको, तर आवासीय क्षेत्र छुट्याइएको अवस्थामा आवासीय क्षेत्रमा मापदण्डअनुसार व्यवस्था गर्ने महानगरपालिकाको नीति बनेको बताए । उनले सवारीसाधनमाफर्त उर्दी जारी गरेर भन्दा उपयुक्त समयसीमा तोकेर आवासीय क्षेत्रका मापदण्डअनुसार नभएका कार्यालय स्थानान्तरण हुनु राम्रो हुने धारणा राखेका थिए ।

यथास्थानमा कार्यालय राख्न पाउनुपर्ने मान्यतामा रहेका व्यवसायीहरुले लाखौं लगानी गरेर कार्यालय स्थापना गरेकोले कार्यालय सार्दा आर्थिक क्षति हुने बताएका छन् । कार्यालय सार्न वैदेशिक रोजगार विभागको अनुमतिसहित अन्य कानूनी प्रक्रिया पूरा गर्नुपर्ने भएकाले महानगरले विधिप्रक्रिया बुझेर व्यवहार गर्नुपर्ने उनीहरुको माग छ ।


## जिल्ला प्रहरी कार्यालय रौतहट
**प्रबन्ध शाखा**

**सवारी साधनहरुको स्वामित्व दाबी गर्न आह्वान गरिएको सूचना**

**प्रकाशित मिति २०८०/१०/२५ गते ।**
**ने.सं. ११४४ पोहेलागा, १३ बिहीबार**

जिल्ला प्रहरी कार्यालय गौर रौतहटबाट सवारी साधन चेकिङ तथा बेवारिसे अवस्थामा फेला परी विगत लामो समयदेखि यस कार्यालयमा सुरक्षित साथ राखिएका तपशिलका सवारी साधनहरुको सम्बन्धमा हालसम्म कोही हकदाबी गर्न नआएकाले उल्लेखित सवारी साधनहरु कोही कसैको भए सोको सक्कल कागजात (ब्लु-बुक) पत्रसहित यस कार्यालयको प्रबन्ध शाखामा सम्पर्क गरी बुझी लैजान हुनका लागि यो १५ (पन्ध्र) दिनको सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र हकदाबी गर्न नआएमा सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी कार्यविधि २०७९ को परिच्छेद ३ दफा २० को उपदफा १ र २ मा व्यवस्था भएबमोजिम आवश्यक कारबाही भइ जाने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

ग्लायमबर हिरो BR06AW7869, FZ मो.सा. ना. ६२ प ८२४५, HERO BR06CK4286, TVS BR06–BNN9811, ग्लायमबर हिरो BR05AA5021, डिस्कभर १०० मि.सि. BR05H1686, CBZ-Xtrome), जामा १२५ किमि) ना.१० प १४०३, डिस्कभर १२५ सि.सि., हिरो स्पेलेन्डर १०० सि.सि., Honda C.V. uncon, मोसा ना.२३.६४१२, प्लाटीना मोसा BR30C0955, BR–2249, BR22T7181, सेतो RTR मो.सा. BR00A3348BR05R1408, बा.२० प ३४५६, BR06H6601, BR55A2069, ना ३१प६४९९, BR05X, BR05A51692, ग२प४३९५, प्लसर, होन्डा साईन, सुपर स्पेलण्डर, BR–90H9199, BR05N3305, BR–06–47, बा३४प४८४१, बा४१प४७८०, BR–90H91999, बजाज सिटि १०० BR–05D,

## UAE मा रोजगार
कम्पनी: ROYAL SHADOW SECURITY SERVICES LLC
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९५ L.T. No.: 299596

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Helper | 90 | 0 | स. काममा दक्ष | 900 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: POWER SECURITY SERVICES
शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९६ L.T. No.: 299597

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard - DPS | 100 | 15 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (PSBD) | 200 | 30 | | 2000 | ७२,२०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ३ र ४ गते (15 & 16 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502 | 9818106406 | 9813571379 | 9802853456
Chitwan : 9865087111, Ithari : 9851060167 | Phokhara: 9802853454

## SAUDI मा रोजगार
कम्पनी : UNIVERSAL COLD STORE FOOD PRODUCTS FACTORY COMPANY LTD
शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९७ LT. No.: 299612

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन ३ देखि ६ गतेसम्म (15 to 18 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Young Manpower Pvt. Ltd.**
P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4483814, 4483815, 4483816, 4483817
Email:youngmanpower123@gmail.com
Govt Lic. No. 1047/073/074

## KUWAIT मा रोजगार
कम्पनी: ENTREPRENEUR RESTAURANT MANAGEMENT COMPANY WLL
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०४/१५ चलानी नं.: ६०२०५४४७ LT. No.:290203 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker/line Cook/kitchen Crew/assistant C | 48 | 0 | स. काममा दक्ष | 150 | ६४,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GULF MISSION CO FOR DELIVERY CONSUMER ORDERS
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०३/०४ चलानी नं.: ६०२०३३७९ LT. No.: 288054 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Motercycle Driver/bike Delivery Driver | 15 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver / Car Delivery Driver | 20 | 0 | | 135 | ५८,११९ | | | | | | | |

कम्पनी: EASA HUSAIN AL-YOUSIFI & SONS CO. G.TRADING & CONTRACTING W.L.L.
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/१२/३० चलानी नं.: ६०१७७९१५ LT. No.: 260972 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman/saleslady | 10 | 10 | स. काममा दक्ष | 150 | ६४,५७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता इटहरीमा २०८० फागुन ३ गते (15 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता पोखरामा २०८० फागुन ४ र ५ गते (16 & 17 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AARAV GLOBAL RECRUITMENT PVT. LTD.**
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com
Aaravglobal.recruitment

## UAE मा रोजगार
कम्पनी: PROSCAPE LLC
शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/१२/०२ चलानी नं.: ६०१९८२८० L.T. No.: 282873 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 67 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Farm Worker | 48 | 0 | | 800 | २८,८८० | | | | | | | |
| 3. | Garden Worker | 5 | 0 | | 800 | २८,८८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ३ गते (15 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

## कुवेतमा महिलाहरूलाई वैदेशिक रोजगार अवसर
कम्पनी : GLAMOR SPA & HEALTH INSTITUTE CO.
शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९१ LT. No.: 299526

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secretary | 0 | 2 | सम्बन्धित काममा दक्ष | 200 | ८६,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Massage And Moroccan Bath | 0 | 4 | | 150 | ६४,५७६ | | | | | | | |
| 3. | Pedicure And Medicare | 0 | 4 | | 150 | ६४,५७६ | | | | | | | |
| 4. | Cleaner / Helper | 0 | 5 | | 100 | ४३,०५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ३ गते (15 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677, 9810166668.
| Email: manakamanamfec1@gmail.com

## बाँसबारी जग्गा प्रकरण

# अरूण चौधरीसहित तीनै जना हिरासतमुक्त



**काठमाडौं/मस**–बाँसबारी छाला जुत्ता कारखाको जग्गा प्रकरणमा पक्राउ परेका च्याम्पियन फूटवेयर लिमिडेटका सञ्चालक तथा व्यवसायी अरुण चौधरीसहित तीन जना रिहा भएका छन् ।

जिल्ला अदालत काठमाडौंको आदेशअनुसार बुधबार चौधरीसहित बाँसबारी छाला जुत्ता कारखाना लिमिटेडका तत्कालीन कार्यकारी अध्यक्ष अजिनारायण सिंह थापा र सिजी चाँदबाग रेसिडेन्सी प्रालिका सञ्चालक सञ्जय ठाकुर हाजिरी जमानीमा रिहा भएको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए ।

उनले भने, 'जिल्ला अदालत काठमाडौंको आदेशअनुसार हाजिरी जमानीमा बुधबार तीनै जनालाई छाडिएको छ, यद्यपि सो प्रकरणको अनुसन्धान भने जारी छ ।'

सोमबार काठमाडौं जिल्ला अदालतका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले अनुसन्धानमा सहयोग गर्ने गरी हाजिर जमानीमा छाडी बाँकी अनुसन्धान पूरा गर्न सीआईबीलाई आदेश दिएको थियो । बाँसबारी छाला जुत्ता कारखानाको जग्गा निजीकरण गर्न खोजिएको भन्दै ब्यूरोले उनीहरुलाई पक्राउ गरेको थियो ।

# पत्रकार तिवारीमाथि आक्रमण गर्नेलाई कारबाही गर्न चौतर्फी दबाब

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ माघ



रौतहट कटरिया नगरपालिका-९ स्थित बाबा बैजनाथ सुगर एण्ड केमिकल प्रालिमा समाचार संकलन गर्न गएका मध्यान्हकर्मी कृष्ण तिवारीमाथि सांघातिक आक्रमण गर्नेलाई कारबाहीको दायरामा ल्याउन चौतर्फी मागसहित दबाब आउन थालेको छ ।

चिनी मिल सञ्चालकको ईशारामा मिलका बाउन्सरहरुको कुटाइबाट गम्भीर अवस्थामा रहेका तिवारीको अहिले वीरगञ्जस्थित सूर्या अस्पतालमा उपचार भइरहेको छ ।

सूर्या अस्पताल वीरगञ्जका प्रमुख डाक्टर सरोज कुमार सिंहले तिवारीको छाती तथा शरीरका विभिन्न भागमा चोटपटक लागि अस्पतालमा उपचार भइरहेको छ ।

पछिल्लो केही दिनदेखि मिलमा उद्योगीले प्रति ट्रली २० देखि ३०, क्वीन्टल उखुको तौल घटाइ रहेको बताउँदै आएका बारा र सर्लाहीको किसानले ल्याएको उखुको तौल घटेपछि मंगलबार किसानहरू मिल प्रशासनविरुद्ध नारा लगाउँदै आन्दोलनमा उत्रिएका थिए । किसानले चिनी मिलमा लगेको १०० क्वीन्टल उखुलाई ७० क्वीन्टल बनाइएको किसानहरूले आन्दोलन शुरु गरेको उखु उत्पादक किसान संघ रौतहटका उपाध्यक्ष प्रमोद यादव बच्चा बाबुले बताए ।

मंगलबार आन्दोलन गरिरहेका केही किसानलाई समेत मिल सञ्चालकका बाउन्सरहरुले कुटपिट गरेको उपाध्यक्ष बच्चा बाबुले बताए । किसानहरूले उखु काटा गर्ने ठाउँमा बिहानैदेखि नारा जुलुस गरेपछि मंगलबार दिउँसो समाचार संकलनका लागि पुगेका पत्रकार तिवारीमाथि मिल सञ्चालकले निर्घात कुटपिट गरेको पीडितले बताएका हुन् ।

कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश मिल सञ्चालक ओम प्रकाश जैसवालका छोरा हुन् । उनकै संलग्नतामा आफूमाथि कुटपिट भएको मध्यान्हकर्मी तिवारीले बताएका छन् । तिवारीका अनुसार मेयरले इसारा गरेलगत्तै उनका भाइ पिन्टु भन्ने अभयप्रकाश जैसवालले आफूमाथि सबभन्दा पहिले आक्रमण गरेका थिए । जैसवालले हात छोडेलगतै उनको दर्जनौं बाउनसरले पत्रकारलाई भुइँमा बजारेर मुड्की, लाती, लट्ठी र उखुले प्रहार शुरु गरेका थिए । सोही समय त्यहाँ पुगेका ईलाका प्रहरी कार्यालय कटहरियाको टोलीले जसोतसो पत्रकार तिवारीलाई बचाएका थिए । घटनास्थल पुगेका ईलाका प्रहरी कार्यालय कटहरियाका वरिष्ठ सई अरुण सिंहले भने, 'यदी प्रहरी त्यहाँ मात्र १० मिनेट ढिलो पुगेको तिवारीको ज्यानलाई जे पनि हुन सक्थ्यो ।'

पत्रकार तिवारीको मोबाइल र क्यामरासमेत मिल सञ्चालकका बाउन्सरहरुले लुटपाट गरेको बताइएको छ । मिलकै बाउन्सरले एकजना अर्का पत्रकार धीरज यादवलाई समेत कुटपिट गरेका छन् । किसानको पीडाबारे भिडियो रेकर्ड गर्ने क्रममा पहिले यादव र लगत्तै तिवारीमाथि एकैपटक दर्जनौं मानिसले आक्रमण गरेको बरिष्ठ प्रहरी नायब निरीक्षक अरुण कुमार सिंहले जानकारी दिए ।

घटनाले उग्ररुप लिएपछि ईलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालको टोलीसँगै उखु उत्पादक किसान संघ रौतहटका पदाधिकारी बाबा बैजुनाथ सुगर मिलको स्थलगत निरीक्षणमा गरेका थिए । टोलीले उखुको तौल घटाएकोबारे जाँचबुझ गर्नुअघि नै मिलले राखेको केही ठेकदारहरुले तौल गर्ने काटा ठीक भयो भनेर होहल्ला गरिरहेको थिए । सोपछि त्यही काँटामा पहिले तौल भइसकेको तीनवटा ट्याक्टरको उखुको पुनः तौल गर्दा डीएसपी खनालको रोहवरमा प्रति ट्रलि १६,१४,१२ क्वीन्टल घटी देखिएको उखु उत्पादक किसान संघ रौतहटका अध्यक्ष अशोक कुमार यादवले बताए ।

उखुको तौल घटेको बारेमा डीएसपी खनालको उपस्थितिमा मिलका निर्देशक बैजु बाबरासँग कुरा गर्दा गैरजिम्मेवारी तरिकाले जथाभावी कुरा गर्दै थर्काउने व्यवहार गरेको अध्यक्ष यादवले गुनासो गरेका छन् । ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएस्पी खनालले घटनामा संलग्न रहेको आशंकामा एकजना पक्राउ गरिएको तथा घटनाबारे थप अनुसन्धान भइरहेको बताए । यसैबीच घटनामा संलग्न मिल्स सञ्चालकसँगै दोषीमाथि कडा कारबाहीको गर्न चौतर्फी दबाब उठ्न थालेको छ । प्रेस समाजवादी संगठनको केन्द्रीय सदस्य पत्रकार तिवारीको छाती र आँखा छेउमा चोट लागेको छ । नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झा, प्रधानमन्त्री समाजवादी प्रेस संगठनका अध्यक्ष दिनेश यादव संगमले छुट्टाछुट्टै विज्ञप्ति निकालेर दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गरेका छन् ।

# वादी समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग




**कैलाली/मस**– कैलालीको टिकापुर नगरपालिकामा रहेको किवानिज क्लबले वादी समुदायका गरिब, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ ।

टिकापुर नगरपालिका वडा नम्बर ८ स्थित राष्ट्रिय आधारभूत विद्यालय सुर्यपुरमा बालविकास देखि ८ कक्षासम्म अध्ययनरत विद्यार्थीलाई सो शैक्षिक सामग्री प्रदान गरिएको हो ।

कार्यक्रममा १९ जना विद्यार्थीलाई जनही झोला, कापी, कलम, स्वीटर प्रदान गरिएको किवानिज क्लब टिकापुरका अध्यक्ष भिम वि.क. ले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि टिकापुर नगरपालिका शिक्षा शाखा प्रमुख उपसचिव दमनसिंह चौधरीले शैक्षिक सामग्री सहयोगले अति विपन्न बालबालिकाको शिक्षामा टेवा पुग्ने बताए । टिकापुर नगर शिक्षा समिति सदस्य मञ्जु वि.क.ले आर्थिक अभावले पढाइमा समस्यामा परेका विद्यार्थीलाई यस प्रकारको सहयोग प्रभावकारी हुने बताइन् ।

# वनमा लागेको आगो नियन्त्रणमा

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २४ माघ



रुकुम पश्चिमको एक वनमा लागेको आयो नियन्त्रणमा आएको छ । बुधबार दिउँसो भिरबारी सामुदायिक वन मुसिकोट नगरपालिका वडा नं १ को क्षेत्रमा लागेको आगो नियन्त्रणमा लिइएको जिल्ला डिभिजन वन कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा मुसिकोट नगर प्रहरीको संयुक्त टोलिले वनमा लागेको आगो नियन्त्रणमा लिएको जिल्ला डिभिजन वन कार्यलय रुकुम पश्चिमका निमित्त कार्यलय प्रमुख शेरबहादुर परियारले बताए ।

वन डढेलो करिब २ हेक्टर क्षेत्रफलमा फैलिएको थियो भने खोटेसल्लो प्रजातिका सानाठूला गरी करिब ५० वटा रुखमा क्षति पुगेको छ । वनमा डढेलो लगाउने व्यक्तिको खोजी भइरहेको जिल्ला डिभिजन वन कार्यलयले जनाएको छ ।

## टफन ग्लास उद्योग आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८०/१०/२५)

काभ्रेपलान्चोक जिल्ला, बनेपा नगरपालिका-४ नाला, पुल बजारमा बालाजी ग्लास इण्डस्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | बालाजी ग्लास इण्डस्ट्रिज प्रा.लि.<br>काठमाडौं महानगरपालिका-११, काठमाडौं जिल्ला, वागमती प्रदेश<br>इमेलः balajeeglassindustries@gmail.com |
| **प्रस्तावको व्यहोरा** | नामः टफन ग्लास उद्योग<br>उद्देश्यः विभिन्न प्रकारका ग्लास आयात तथा खरीद गरी विभिन्न साईजका ग्लास, टफन ग्लास (Toughen Glass), Insulating Glass, Laminating Glass लगायतका ग्लास उत्पादन गरी विक्री वितरण, सप्लाई तथा निर्यात गर्ने<br>वार्षिक उत्पादन क्षमताः ३१,२५,००० वर्ग फिट<br>कित्ता नंः ११५३, ११५४, ११५५, १५३२, १३७२, १३७३, १३७४, ८९६, ८९९ |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा** | काभ्रेपलान्चोक जिल्ला, बनेपा नगरपालिका-४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली विच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न यस स्थानको नगरपालिका तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| परामर्शदाता | प्रस्तावक |
|---|---|
| नामः बायोम कन्सल्ट प्रा.लि<br>ठेगानाः चन्द्रागिरी-६, काठमाण्डौ,<br>फोन नं.: ९८४९०२८३५१<br>ईमेलः kala.arya59@gmail.com | नामः बालाजी ग्लास इण्डस्ट्रिज प्रा.लि.<br>ठेगानाः काठमाडौं महानगरपालिका-११, काठमाडौं जिल्ला, वागमती प्रदेश<br>फोन नं.: ९८५११०८३१७<br>इमेलः balajeeglassindustries@gmail.com |

## युएईमा रोजगार |

कम्पनीः DIAMOND ROSE FASHION
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४४९४ LT. No.: 299559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Shop Assistant | 3 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ३ गते (15 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

